# कानका समस्याहरू

## शिशुका कानको ध्यान राख्नु जरूरी हुन्छ

शिशुहरूमा कुनै समय कानमा केही समस्या उत्पन्न हुन सक्छ। प्रायःजस्ता बच्चाहरू सात वर्षको उमेरसम्ममा कानको संक्रमणबाट निस्कीसकेका हुन्छन्। कानका धेरैजस्ता संक्रमण भाइरसद्वारा हुन्छ जो आफै निको हुन्छ र एन्टिबायोटिक्सको आवश्यकता पर्दैन।

जन्मेको प्रथम केही सातामा शिशुहरूमा संक्रमणहरू विरूद्ध एकप्रकारको स्वाभाविक संरक्षण हुन्छ – जसलाई स्तनपानले बढाउँछ। शिशु एवं बामे सर्ने नानीहरूमा ब्याक्टेरिया सजिलैगरी नाकबाट कानमा जान्छ। कानका संक्रमण पीडादायक हुन सक्छ र तपाईंको बच्चालाई बढ्ता माया र फार्मासिष्टबाट पीडानाशक औषधीहरूको खाँचो पर्न सक्दछ। तपाईंका नानीका गर्दनमा सुन्निएको ग्रन्थि निस्कन सक्छ – यो संक्रमण विरूद्ध लड्ने शरीरको तरिका हो।

धूम्रपान गर्ने मानिसहरूका परिवारमा बस्ने बच्चाहरू (अकर्मक धूम्रपान) वा अन्य बच्चाहरूसँग निकै सम्पर्क, जस्तै नर्सरी जाने बच्चाहरूमा कानको संक्रमण हुने धेरै सम्भावना हुन्छ। तपाईंका बच्चाहरूका कानलाई सुरक्षित ढंगले सफ्फा गर्ने तरिका बारे आफ्ना स्वास्थ्य भिजिटरसँग कुरा गर्नुहोस् किनकि कानहरूलाई सजिलै नोक्सानी पुग्न सक्छ।

### स्वास्थ्य भिजिटरका सुझावहरू

- शिशुका कान सफ्फा गर्दा अत्यधिक सावधानीपूर्वक गरिनु पर्दछ।
- आफ्नो बच्चाको कानभित्र कटन बडको प्रयोग कहिल्यै नगर्नुहोस्।
- बच्चालाई ज्वरो आउँदा कानेगुजी बाहिर बग्न सक्छ।
- कानका बाहिरी क्षेत्र वरिपरि विस्तारै सफ्फा गर्नका लागि सफ्फा पानी निचोरिएको रूईको भिन्दाभिन्दै टुक्राको प्रयोग प्रत्येक कानमा गर्नुहोस्।

### कानमा संक्रमणका लक्षण के हुन्?

ज्वरो आउनु, सामान्यतः नानीले झिजो मान्नु र पीडा वा असजिलोपन यसका लक्षण हुन्। उसका कानबाट पीप जस्तो स्राव निस्कन सक्छ, र यस्तो स्थितिमा कान बुजिएको वा श्रवण-शक्ति हराएको अनुभव पनि हुन सक्छ। यद्यपि प्रायःजस्ता कानका संक्रमणहरू बिना कुनै गम्भीर प्रभावको निको हुन्छन् तर छोटो अवधिका लागि (दुई वा तीन साताका लागि) श्रवण-शक्तिमा हल्का कमी हुन सक्छ।

## 1

उनीहरूको शरीर तातिन्छ, दिक्क मान्छन्, सुन्निएका ग्रन्थि देखिन्छन्, खान मान्दैनन् र रूघा मर्की लाग्दछ।

## 2

तपाईंको बच्चाको अन्य थुप्रै बच्चाहरूसँग सम्पर्क छ। उनीहरूमा कानको संक्रमण हुन सक्छ।

## 3

आफ्नो प्र्याक्टिश नर्स वा जीपी-कहाँ जानुहोस् जसले समस्याको कारण पत्तो लगाउने प्रयासमा तपाईंको बच्चाको कानको जाँच गर्नेछन्।

माथि उल्लेखित जानकारीले विशेषज्ञ उपचारको स्थान लिन सक्दैन। यदि तपाईं चिन्तित हुनुहुन्छ भने एनएचएस 111 लाई फोन गर्नुहोस् वा प्र्याक्टिस नर्स वा आफ्ना जीपी-लाई सम्पर्क गर्नुहोस्।